माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०५ संख्याः ०५ मितिः २०७८।०८।०६

## भाग-२

सम्बत् २०७८ सालको कार्यविधि नं. १

## माछापुच्छ्रे गाउँपालिका बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७८

**प्रस्तावनाः** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग तथा पीडित बालबालिकाहरुलाई उद्धार, अस्थायी संरक्षण, विद्यालय शिक्षा, स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनका लागि कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले **माछापुच्छ्रे गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७४ को दफा** ४ ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"माछापुच्छ्रे गाउँपालिका बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०७८"** रहेको छ।

(२) यो कार्यविधि माछापुच्छ्रे गाउँ कार्यपालिकाबाट पारित भएका मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **"कार्यालय"** भन्नाले माछापुच्छ्रे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"अध्यक्ष"** भन्नाले बालकोष सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ।

(घ) **"बालबालिका"** भन्नाले बाल अधिकार ऐन, २०७५ बमोजिम अठार बर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनु पर्दछ।

(ङ) **"विशेष संरक्षण भएका बालबालिका"** भन्नाले बाल अधिकार ऐन, २०७५ को परिच्छेद ५ को उपदफा १ बमोजिम का बालबालिकालाई सम्झनु पर्दछ।

(च) **"कोष"** भन्नाले दफा ३ बमोजिमको माछापुच्छ्रे गाउँपालिका बाल कोष सम्झनु पर्दछ।

(छ) **"सञ्चालक समिति"** भन्नाले दफा ७ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ।

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

(ज) **"हिंसा"** भन्नाले सार्वजनिक स्थल, विद्यालय, घरपरिवार अन्य स्थानमा हुने दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ।

**३. कोषको स्थापना:** (१) माछापुच्छ्रे गाउँपालिकामा बाल कोष नामको एक कोष स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्;-

(क) संघ वा प्रदेश बाट प्राप्त रकम,

(ख) माछापुच्छ्रे गाउँपालिका बाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त व्याज रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि बुदाँ (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ।

**४. कोषमा रकम जम्मा गर्ने:** बालबालिकाको हकहित संरक्षणका लागि गाउँपालिकाले बार्षिक रुपमा निश्चित रकम कोषमा जम्मा गर्नेछ।

**५. कोषको उपयोग:** (१) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुका लागि कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

(क) तत्काल उद्धार, राहत, पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउन,

(ख) विद्यालय शिक्षा र औषधि उपचारमा सहयोग गर्न,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(घ) सञ्चालक समितीले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न,

(२) उपदफा (१) मा जस्तोसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितीले कुनै पनि बालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिंसा, द्वन्द प्रभावित,

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

अति विपन्न, लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **सञ्चालक समितिको गठन:** (१) बालकोष सञ्चालनको लागि देहाय बमोजिमको सञ्चालक समिती रहनेछः

(क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

(ख) सामाजिक विकास समिति संयोजक - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) अध्यक्षले तोकेको माध्यमिक विद्यालयको प्र.अ. १ जना - सदस्य

(ङ) अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य १ जना - सदस्य

(च) गाउँपालिका स्तरीय बाल सञ्जालको अध्यक्ष - सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(२) सञ्चालक समितिको सचिवालय कार्यालयमा रहनेछ।

(३) संञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **सञ्चालक समितीको काम, कर्तब्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) तत्काल उद्धार, राहत, पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) विद्यालय शिक्षा र औषधी उपचारमा सहयोग गर्ने,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्ने,

(घ) सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्ने,

स्थानीय राजपत्र मालारानी गाउँपालिका

(ङ) बालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिंसा, द्वन्द प्रभावित, अति विपन्न, लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगि भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्ने

(च) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(ज) बालबालिकाको अधिकार सुनिश्चित गर्नको लागि स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

(झ) बालबालिकाको संरक्षणको निम्ति अन्य आवश्यक काम गर्ने,

**९. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** यस कार्यविधि बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकम नबढ्ने गरी उपलब्ध गराईनेछ।

(क) अभिभावक विहिन तथा विपन्न बालबालिकाहरुलाई वडाको सिफारिसमा शिक्षा र स्वास्थ्य उपचारका लागि बढिमा रु. ५,०००।- (पाँच हजार रुपैयाँ) सम्म।

(ख) कानुनी सहायता, मनोवैज्ञनिक उपचार वा मनोविमर्शका लागि रु.५,०००।- (पाँच हजार रुपैयाँ) मा नबढ्ने गरी लागेको यथार्थ खर्च।

(ग) पुनर्स्थापनाको लागि बढिमा रु. ५,०००।- (पाँच हजार रुपैयाँ) सम्म।

**१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः** (१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नको लागि बालबालिकाले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा पीडितलाई तत्काल उद्धार, राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिको अध्यक्षले दफा ९ मा तोकिए बमोजिमको सहयोग रकम तत्काल भुक्तानी गर्ने र संञ्चालक समितिको बैठकले अनुमोदन गर्नु पर्नेछ।

**११. थप रकम निकासा माग गर्न सक्नेः** (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्ततताको कारण खुलाई सञ्चालक समितिले गाउँ कार्यपालिकामा थप रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ।

**१२. छुट्टै खाता खोल्नु पर्नेः** (१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्ताखतबाट हुनेछ।

**१३. कोषको लेखा र लेखापरीक्षणः** (१) कोषको आय व्ययको लेखा र लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

**१४. आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहने छ।

**१५. प्रतिवेदन पेश गर्नेः** (१) सञ्चालक समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका काम र कारवाहीको प्रतिवेदन कार्यापालिकालाई बुझाउनु पर्नेछ।

(२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

**१६. निर्देशन दिन सक्नेः** कार्यापालिकाले सञ्चालक समितिको काम र कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

१७. **बाधा अड्काउ फुकाउने व्यवस्थाः** यस कार्यविधि कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने बाधा अड्काउ फुकाउने अधिकार गाँउ कार्यपालिकामा रहनेछ।

१८. **संशोधन सम्बन्धी व्यवस्थाः-** यस कार्यविधि संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ।

१९. **प्रचलित कानुन बमोजिमः-** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

आज्ञाले
खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र माछापुच्छ्रे गाउँपालिका

मूल्यः रु. २०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की